सप्तकोशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसी चोक,सप्तरी
मधेश प्रदेश,नेपाल

च.न.
प.स.२०८२/०८३

मिति:२०८२-१२-२४

**लघु उद्योग संचालन तथा व्यवस्थापनका कार्य लागि सहकारी संस्था,लघु उद्यमी/लघु उद्यमी समूहले प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति:२०८२-१२-२४)**

सप्तकोशी नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लघु उद्यम विकास कार्यक्रम तर्फ विनियोजित ५ लाख बजेटबाट नगरपालिकामा दर्ता भई संचालनमा रहेका सहकारी संस्था, लघु उद्यमी तथा लघु उद्यमी समूह मार्फत संचालन भइरहेका नयाँ तथा पुराना उद्योगहरू संचालन गरी सप्तकोशी नगरपालिकामा लघु उद्योगहरूको प्रवर्द्धन र विस्तार गर्ने, रोजगारी सिर्जना तथा आयआर्जन अभिवृद्धि गर्ने, तथा उद्यमीहरूको क्षमता विकास तथा उत्पादन गुणस्तर सुधार गर्ने उदेश्यले साझेदारीमा कार्यक्रम संचालन गरिने भएकोले इच्छुक तथा योग्य सहकारी संस्था, लघु उद्यमी तथा लघु उद्यमी समूहबाट देहाय बमोजिमको आवश्यक कागजात संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित पूर्वक पेश नभएका तथा म्याद नाघी प्राप्त प्रस्ताव उपर कुनै कारवाही हुनेछैन ।

<u>प्रस्ताव पेश गर्दा समावेश गर्नुपर्ने कागजात:</u>

- निवेदन ।
- संस्था/समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा विधानको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN)/कर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
- गत आर्थिक वर्षको प्रगति विवरण ।
- प्रस्तावित कार्यक्रमको विस्तृत विवरण (कार्ययोजना, बजेट, अपेक्षित उपलब्धि सहित) ।
- साझेदारी (लागत सहभागिता) सम्बन्धी प्रतिबद्धता पत्र ।
- व्यवसायिक योजनाको प्रतिलिपि ।

मा समर्थन

प्रस्तावदाताको योग्यता (Eligibility Criteria)

- सम्बन्धित निकायमा विधिवत दर्ता भई सञ्चालनमा रहेको हुनुपर्ने।
- नगरपालिकाको कार्यक्षेत्र भित्र क्रियाशील रहेको हुनुपर्ने।
- स्थायी लेखा नम्बर (PAN) वा कर कार्यालयमा दर्ता भएको हुनुपर्ने।
- सम्बन्धित निकायमा नियमित रुपमा नवीकरण तथा कर चुक्ता गरेको हुनुपर्ने।
- लघु उद्यम/लघु उद्योग संचालन वा व्यवस्थापनमा न्यूनतम १ वर्षको अनुभव भएको हुनुपर्ने छ ।
- विगतमा संचालन गरेका गतिविधिहरूको संक्षिप्त विवरण उपलब्ध गराउन सक्ने।
- प्रस्तावित कार्यक्रम कार्यान्वयनका लागि तोकिएको न्यूनतम प्रतिशत (जस्तै लघु उद्यमी र उद्यमी समूहको हकमा २०% र सहकारीको हकमा ५०%) लागत साझेदारी गर्न सक्षम तथा प्रतिबद्ध हुनुपर्ने।
- प्रस्तावित कार्यक्रम संचालन गर्न आवश्यक जनशक्ति, सीप वा व्यवस्थापन क्षमता भएको हुनुपर्ने।
- आय–व्ययको अभिलेख राखे र आवश्यक परेमा विवरण पेश गर्न सक्ने।
- महिला, दलित, जनजाति, विपन्न तथा सीमान्तकृत समुदायका उद्यमी/समूहद्वारा संचालित ।
- रोजगारी सिर्जना गर्ने तथा स्थानीय स्रोत–साधनमा आधारित उद्योग हुनु पर्ने।

<u>प्रस्ताव मूल्याङ्कन तथा छनौट प्रक्रिया:</u>

- प्राप्त प्रस्तावहरू तोकिएको मापदण्डका आधारमा मूल्यांकन समिति मार्फत छनौट गरिनेछ।
- प्रस्ताव स्वीकृत/अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ ।
- थप जानकारीका लघु उद्यम विकास शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

दिपेन्द्र साह
अधिकृत आठौं
२०८२/१२/२8

दिपेन्द्र साह
अधिकृत आठौं